# नेपाल मानव अधिकार संगठन

Human Rights Organization of Nepal (HURON)

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं


*निर्वाचन आयोग समक्ष पेश गरिएको*

# निर्वाचन पर्यवेक्षण प्रतिवेदन

## नेपालको २०८२ प्रतिनिधिसभा निर्वाचन


मितिः चैत २०८२

प्रकाशनः HURON निर्वाचन पर्यवेक्षण टोली

# विषय सूची


क) सारांश

१. पृष्ठभूमि

२. पर्यवेक्षण विधि

२.१ तथ्यांक संकलनको विधि र तरिका

२.२ तथ्यांकको प्रकृति

२.३ प्रशोधन र विश्लेषण विधि

३. पर्यवेक्षण गरिएको क्षेत्र

४. पर्यवेक्षणका विषय क्षेत्र

४.१ निर्वाचन कानून र निर्वाचन प्रणाली

४.१.१ तथ्यांक

४.१.२ सबल पक्ष

४.१.३ समस्याहरु

४.१.४ सुधार गर्नु पर्ने पक्ष

४.१.५ सुधारका उपाय तथा सुझाव

४.२ मतदाता नामावली तथा परिचय-पत्र वितरण

४.२.१ तथ्यांक प्रस्तुती

४.२.२ सबल पक्ष

४.२.३ समस्याहरु

४.२.४ सुधार गर्नु पर्ने पक्ष

४.२.५ सुधारका उपाय तथा सुझाव

४.३ मतदाता शिक्षा

४.३.१ तथ्यांक

४.३.२ सबल पक्ष

४.३.३ समस्याहरु


मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON Central Office, Kathmandu केन्द्रीय कार्यालय, काठमाडौं

४.३.४ सुधार गर्नु पर्ने पक्ष
४.३.५ सुधारका उपाय तथा सुझाव
४.४ राजनीतिक दल तथा उम्मेदवारी दर्ता
४.४.१ तथ्यांक
४.४.२ सबल पक्ष
४.४.३ समस्याहरु
४.४.४ सुधार गर्नु पर्ने पक्ष
४.४.५ सुधारका उपाय तथा सुझाव
४.५ निर्वाचन आचारसंहिताको पालना
४.५.१ तथ्यांक
४.५.२ सबल पक्ष
४.५.३ समस्याहरु
४.५.४ सुधार गर्नु पर्ने पक्ष
४.५.५ सुधारका उपाय तथा सुझाव
४.६ निर्वाचन सुरक्षा व्यवस्था
४.६.१ तथ्यांक प्रस्तुती
४.६.२ सबल पक्ष
४.६.३ समस्या
४.६.४ सुधार गर्नु पर्ने पक्ष
४.६.५ सुधारका उपाय तथा सुझाव
४.७ मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच
४.७.१ तथ्यांक
४.७.२ सबल पक्ष
४.७.३ समस्याहरु
४.७.४ सुधार गर्नु पर्ने पक्ष
४.७.५ सुधारका उपाय तथा सुझाव
४.८ स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन
४.८.१ तथ्यांक

४.८.२ सबल पक्ष

४.८.३ समस्याहरु

४.८.४ सुधार गर्नु पर्ने पक्ष

४.८.५ सुधारका उपाय तथा सुझाव

४.९ निर्वाचनमा लैङ्गिक समावेशिता

४.९.१ तथ्यांक

४.९.२ सबल पक्ष

४.९.३ समस्याहरु

४.९.४ सुधार गर्नु पर्ने पक्ष

४.९.५ सुधारका उपाय तथा सुझाव

४.१० निर्वाचन विवाद निरुपणको अवस्था

४.१०.१ तथ्यांक

४.१०.२ सबल पक्ष

४.१०.३ समस्याहरु

४.१०.४ सुधार गर्नु पर्ने पक्ष

४.१०.५ सुधारका उपाय तथा सुझाव

४.११ वहिष्कार भएका जिल्लाहरू

५. पर्यवेक्षण गर्न खटाइएका पर्यवेक्षकहरुको खण्डीकृत विवरण (समावेशी समूह खुल्ने गरी)

६. आयोग समक्ष गरिएको सिफारिस

अनुसूचि

## क) सारांश

नेपालको संविधानले राज्यको पुनर्संरचना गर्दै केन्द्रीय/संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको व्यवस्था गरे अनुरुपको स्थानीय तहको निर्वाचन २०७४ सालमा र २०७९ सालमा गारि दुई चोटी सम्पन्न भएको थियो। त्यसपछि २०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी (Gen-Z) आन्दोलनले सृजना गरेको विशेष राजनीतिक परिस्थितिवश २०८२ भदौ २७ गते नेपालको दोस्रो संघीय संसद विघटन भई अन्तरिम प्रधानमन्त्रीको व्यवस्था भयो। सोही पृष्ठभूमिमा राष्ट्रपतिबाट २०८२ फागुन २१ गते प्रतिनिधिसभाको आम निर्वाचनको घोषणा भयो र पहिलो हुने निर्वाचित हुने (FPTP) प्रणालीबाट १६५ र समानुपातिक प्रतिनिधित्व (PR) प्रणालीबाट ११० गरी जम्मा २७५ सदस्यहरूका लागि निर्वाचन सम्पन्न भयो। निर्वाचन गराउने जिम्मा संविधानले नै निर्वाचन आयोगलाई दिएको छ। उक्त निर्वाचन समग्रमा शान्तिपूर्ण, व्यवस्थित तथा स्थिर वातावरणमा सम्पन्न भएको पाइयो।

लोकतान्त्रिक निर्वाचनमा निष्पक्षता र प्रभावकारिता परीक्षणका लागि तेस्रो पक्ष पर्यवेक्षणको अधिक महत्व हुने वास्तविकतालाई मध्यनजर गर्दै निर्वाचन आयोगले नागरिक समाजलाई पर्यवेक्षणमा सहभागी हुन आह्वान गर्यो। सो आह्वानलाई स्वीकार गर्दै नेपाल मानवअधिकार संगठनले देशव्यापी रूपमा पर्यवेक्षण गर्ने प्रतिबद्धता जनायो र त्यसमा संगठनका पर्यवेक्षकहरूले नेपालका सातै प्रदेशका ७० भन्दा बढी जिल्लामा ३१२ मतदान केन्द्रहरूमा पर्यवेक्षण गरे। विस्तृत जानकारीका लागि पर्यवेक्षकको सूची तथा समूहगत विश्लेषण यसै प्रतिवेदनमा उल्लेख गरिएका छन।

समग्र पर्यवेक्षणलाई तीन चरण ' निर्वाचनअघि, निर्वाचनको दिन र निर्वाचनपछि ' मा विभाजन गरी सम्पन्न गरियो। पर्यवेक्षणको उद्देश्य निर्वाचन स्वतन्त्र, निष्पक्ष, मितव्ययी (कम खर्चिलो), भयरहित वातावरणमा जनताको स्वतःस्फूर्त र व्यापक सहभागितामा सम्पन्न भयो कि भएन भनेर असंलग्न तेस्रो पक्षबाट अवलोकन गर्नु गराउनु र देखिएका कमीकमजोरीहरुलाई सुधार गर्न आवश्यक भावी कदम सुझाउनु रहेको थियो। यो प्रतिवेदनमा समग्र निर्वाचन के कसरी सम्पन्न भयो, के कस्ता घटना भए, निष्कर्ष के रह्यो, निर्वाचनलाई सहज र प्रभावकारी बनाउनका लागि मुख्य रूपमा के कस्ता सुझाव तथा सिफारिस रहे र आयोग तथा पर्यवेक्षक संस्थाका सिकाइ र चुनौती के के रहे भन्ने जानकारी एवम् तथ्य विश्लेषण समावेश गरिएका छन।

यो प्रतिवेदन मुख्य रूपमा प्रत्यक्ष स्थलगत तथा घटना अवलोकन, सञ्चार माध्यमका समाचार, टेलिफोन, सामाजिक सञ्जाल आदिबाट प्राप्त तथ्य तथा तथ्यांकका आधारमा तयार गरिएको छ र निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, कम खर्चिलो, भयरहित वातावरणमा जनताको स्वतःस्फूर्त र व्यापक सहभागितामा सम्पन्न गर्न सके मात्र लोकतन्त्र प्रभावकारी हुन सक्दछ र न्याय स्थापित हुन सक्दछ भन्ने अवधारणाबाट समग्रतामा हेरि निष्कर्ष निकालिएको छ।

नेपाल मानव अधिकार संगठन (HURON) ले नेपालको २०८२ प्रतिनिधिसभा निर्वाचनको अवलोकनका लागि एक स्वतन्त्र निर्वाचन पर्यवेक्षण टोली (Mission) परिचालन गरेको थियो। २०८२ भदौ पछिको राजनीतिक उथलपुथलले सिर्जना गरेको संक्रमणकालीन अवस्था तथा बढ्दो राजनीतिक ध्रुवीकरणको पृष्ठभूमिमा सम्पन्न उक्त निर्वाचन समग्रमा शान्तिपूर्ण, व्यवस्थित तथा उल्लेखनीय रूपमा अनुशासित रह्यो। यस प्रतिवेदनमा HURON द्वारा परिचालित उक्त निर्वाचन पर्यवेक्षण मिसनका प्रमुख निष्कर्षहरू, अवलोकनहरू तथा सुधारमुखी सिफारिसहरू समेटिएका छन्, जसले नेपालको लोकतान्त्रिक प्रक्रियाको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

| विषय | अवस्था | टिप्पणी |
|---|---|---|
| [१]निर्वाचन शान्तिपूर्णता | सन्तोषजनक | कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा शान्तिपूर्ण |
| मतदाता सहभागिता | ~५८% टर्नआउट | पहिलो पटक मतदाता ९ लाख १५ हजार+ |
| मतदान केन्द्र व्यवस्थापन | सामान्यतः राम्रो | ७२% मतदाताले ५ मिनेटभित्र मतदान गर्न सक्षम |
| आचारसंहिता पालना | कमजोर | उल्लङ्घन र कमजोर नियमन, अनुगमन र कार्यान्वयन |
| लैङ्गिक समावेशिता | अपर्याप्त | FPTP मा महिला उम्मेदवार ११% मात्र |
| अपाङ्गमैत्री पहुँच | अपर्याप्त | अपाङ्गमैत्री र्याम्प र पूर्वाधारको कमी |

प्रमुख निष्कर्षका रूपमाः निर्वाचनको दिनमा ३१२ केन्द्रहरूमा अवलोकन गरियो। ५६% केन्द्रहरू समयमै खुले। मतगणना शान्त र सबै दलको उपस्थितिमा पारदर्शी रूपमा भयो। तर निर्वाचन जवाफदेहिता,

[१]https://kathmandupost.com/national/२०२६/०३/०५/voter-turnout-around-६०-percent-in-nepal-s-parliamentary-elections

चुनावी नियमनको असमान कार्यान्वयन, अवलोकनकर्ताको पहुँचमा असंगति र समावेशी सहभागिताको संरचनागत अवरोधहरू देखिए।

## १. पृष्ठभूमि

नेपाल मानव अधिकार संगठन (HURON) नेपालमा लोकतान्त्रिक शासन, मानव अधिकार संरक्षण र पारदर्शी निर्वाचन प्रक्रियालाई प्रवर्द्धन गर्न प्रतिबद्ध छ। निर्वाचन पर्यवेक्षकको लागि नेपाल मानव अधिकार संगठन र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सयुंक्त रुपमा **"स्वच्छ निर्वाचनका लागि नागरिक अभियान"** कार्यक्रम अन्तर्गत HURON र INSEC द्वारा देशका विभिन्न प्रदेश तथा जिल्लाहरूमा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गरिएको छ। कार्यक्रम अन्तर्गत स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन सुनिश्चित गर्ने उद्देश्यले निर्वाचन आचारसंहिता, मतदाता शिक्षा तथा निर्वाचनसम्बन्धी विविध विषयहरूमा केन्द्रित रही प्रदेश तथा जिल्लास्तरमा अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू आयोजना गरिएका थिए। कार्यक्रमहरूमा सातै प्रदेश राजधानीमा विशिष्ट व्यक्तित्वहरू मुख्यमन्त्री, प्रमुख निर्वाचन अधिकृत, जिल्ला समन्वय समिति प्रमुख, मानव अधिकारकर्मीहरू तथा अन्य सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यकममा संगठनका तर्फबाट केन्द्रीय पदाधिकारीहरू, केन्द्रीय अध्यक्ष इन्द्र प्रसाद अर्याल, महासचिव कल्याण पोखरेल, कोषाध्यक्ष टिका डाँगी तथा केन्द्रीय सदस्यहरू मधुसुदन उपाध्याय र विप्लव भट्टको मन्तव तथा कार्यपत्र प्रस्तुती रहेको थियो। कार्यक्रमहरूमा स्वच्छ निर्वाचनका लागि आवश्यक आचारसंहिता पालना, मतदाता सचेतना अभिवृद्धि तथा निर्वाचन प्रक्रियामा पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाउने विषयमा आवश्यक छलफल गरिएको थियो। यस अभियान मार्फत संगठनले देशभर स्वच्छ निर्वाचनको माहोल निर्माण गर्न र लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ पार्न र शासनमा जवाफदेहिता सुनिश्चित गर्न निर्वाचन पर्यवेक्षण सबैभन्दा प्रभावकारी उपाय मध्ये एक हो। नेपालको संविधानले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन आवश्यक सम्पूर्ण कार्य गर्नका लागि संवैधानिक अंगका रुपमा निर्वाचन आयोगको व्यवस्था गरे बमोजिम आयोगको मार्गदर्शनमा यस निर्वाचन सम्पन्न भएको हो । निर्वाचनमा मतदान गर्ने जनताको सार्वभौम र मौलिक अधिकार हो । स्वच्छ, विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएको खण्डमा मात्रै जनताले सही प्रतिनिधिहरुको छनोट गर्न सक्दछन् । निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सुदृढिकरण र विकासमा समेत टेवा पुऱ्याउने भएकाले आवधिक निर्वाचनलाई लोकतन्त्रको मुटु मानिन्छ।

मानव अधिकार HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON

निर्वाचन निष्पक्ष रुपमा सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षकहरुको महत्वपूर्ण भूमिका हुने गर्दछ । निर्वाचन पर्यवेक्षण निर्वाचनको वैद्यता र विश्वसनीयता जाँच्ने कसी पनि हो । स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षणको आवश्यकता पर्दछ । जनताले मतदानको अधिकार निर्धक्कसँग प्रयोग गर्न पाएका छन् कि छैनन् भनी बुझ्ने माध्यम निर्वाचन पर्यवेक्षण हो । पर्यवेक्षणका माध्यमबाट निर्वाचन प्रक्रियाका सवल र कमजोर पक्षका बारेमा थाहा पाउन सकिने भएकाले निर्वाचन पर्यवेक्षणलाई निर्वाचनको तेस्रो आँखा पनि मान्ने गरिन्छ ।

पर्यवेक्षकको कुनै पनि दल वा विचारप्रति आफ्नो आस्था वा समर्थन भए पनि काममा आस्था वा विचार कदापि झल्कनु हुँदैन । पर्यवेक्षकहरु निष्पक्ष भई काम नगर्दासम्म उनीहरु जनता प्रति उत्तरदायी हुन सक्दैनन। इमान्दारिता र काम प्रतिको वफादारिता नै पर्यवेक्षकको असली पहिचान हो । निर्वाचन लोकतन्त्रको मर्म, जीवन र केन्द्रबिन्दु भएकाले स्वतन्त्र, शान्तिपूर्ण, धाँधलीरहित भएन भने लोकतन्त्रको आत्मा नै नरहने भएकाले पर्यवेक्षकले इमान्दारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ । निर्वाचनको परिणाम सर्वस्वीकार्य, राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सकेमा मात्र निर्वाचनको सार्थकता रहने भएकाले निर्वाचन पर्यवेक्षण र पर्यवेक्षकको महत्वपूर्ण भूमिका रहन्छ ।

विगत दुई दशकमा नेपालको राजनीतिक प्रणालीमा उल्लेखनीय परिवर्तन आएको छ। २०७२ को संविधान लागू भएपछि देश संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भयो। संविधानले संघीय, प्रादेशिक र स्थानीय सरकारहरू मिलेर बहुस्तरीय शासन प्रणाली स्थापित गरेको छ।

२०८२ भदौ २३ र २४ गतेको राजनीतिक उथलपुथलपछि सृजित तरल राजनीतिक परिस्थितिमा पनि २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो। यो निर्वाचन राजनीतिक संक्रमण र ध्रुवीकरणको वातावरणमा भएको थियो। प्रतिनिधिसभाले संघीय संसदको तल्लो सदनको रूपमा कार्य गर्दछ र मिश्रित निर्वाचन प्रणाली मार्फत पहिलो-हुने-निर्वाचित (FPTP) र समानुपातिक प्रतिनिधित्व (PR) दुवै प्रणाली मार्फत निर्वाचित सदस्यहरू मिलेर बनेको हुन्छ ।

नेपालको निर्वाचन आयोगले देशभरि निर्वाचन व्यवस्थापन गर्ने जिम्मेवारी पाएको छ। निर्वाचन आयोगका कार्यवाहक मुख्य निर्वाचन आयुक्त मा.राम प्रसाद भण्डारी, मा.डा. जानकी कुमारी तुलाधर र मा.सगुन शम्शेर ज.ब.रा. सहितका सदस्यहरूले निर्वाचन सञ्चालन गरे।

आफ्नो प्रतिबद्धता अनुरूप, संगठनले २०८२ को प्रतिनिधिसभा निर्वाचन पर्यवेक्षण गर्न एक स्वतन्त्र निर्वाचन पर्यवेक्षण टोली खटाएको थियो। टोलीले राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त लोकतान्त्रिक मापदण्डहरूको आधारमा निर्वाचन प्रक्रियाको मूल्याङ्कन गर्ने प्रयास गरेको थियो।

## २. पर्यवेक्षण विधि

नेपाल मानव अधिकार संगठन (HURON) निर्वाचन पर्यवेक्षण टोलीले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त पर्यवेक्षण विधिहरू अपनाएको थियो। विभिन्न सर्वेक्षणलाई आधार बनाई हिमाली, पहाडी र तराईका जिल्लाहरूको भौगोलिक पहुँच, जनशक्ति र स्रोतको उपलब्धताका आधारमा अध्ययन गरियो। तथ्यांक संकलनका लागि सम्बन्धित क्षेत्रको प्रत्यक्ष अवलोकन, स्थलगत भ्रमण र बाह्य अवलोकन गरियो।

मतदाता, उम्मेदवार र तिनका प्रतिनिधि, सुरक्षाकर्मी, निर्वाचनमा खटिएका मतदान अधिकृत तथा सहयोगीहरू, स्वयंसेवक, मतदान केन्द्रमा रहेका पर्यवेक्षक र स्वदेशी-विदेशी अवलोकनकर्ता, पत्रकार, नागरिक समाजका प्रतिनिधिसँग प्रत्यक्ष वार्ता संवाद गरियो। टेलिफोन सम्पर्क, SMS, Email, Facebook लगायत सामाजिक सञ्जाल, मिडिया समाचार र अन्य संस्थाका प्रतिवेदनबाट पनि सूचना संकलन गरिएको छ। तथ्यांक गुणात्मक र परिमाणात्मक दुवै किसिमका छन।

### २.१ तथ्यांक संकलनको विधि र तरिका

टोलीले निम्न माध्यमबाट पर्यवेक्षणहरू सञ्चालन गर्योः

- मतदान केन्द्रको प्रत्यक्ष भ्रमण र अवलोकन
- निर्वाचन अधिकारीहरूसँगको अन्तर्वार्ता
- राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल
- नागरिक समाज संस्थाहरूसँगको संलग्नता
- मतदान प्रक्रियाको प्रत्यक्ष अवलोकन
- मतगणना प्रक्रियाको अनुगमन
- स्थानीय निर्वाचन कार्यालयहरूसँगको समन्वय

पर्यवेक्षकहरूले आफ्ना अवलोकनहरू रेकर्ड गर्न मानकीकृत रिपोर्टिङ फारमहरू (Standardized Reporting Form) प्रयोग गरे। यसले जानकारी सङ्कलनमा स्थिरता र विश्वसनीयता सुनिश्चित गर्‍यो। पर्यवेक्षकका प्रत्यक्ष प्रतिवेदन सूचनाका अतिरिक्त सञ्चार माध्यम टेलिभिजन, छापा तथा विद्युतीय

पत्रपत्रिकाका समाचार, सामाजिक सञ्चार माध्यमबाट समेत सूचना संकलन र उपयोग गरिएको छ । साथै, अन्य संस्थाका प्रतिवेदन, लेख रचना, पुस्तक, ग्रन्थलाई पनि सन्दर्भअनुसार केही हदसम्म प्रयोग गरिएको छ ।

घटनाका सूचना संकलन गर्दा विभिन्न स्थानबाट टेलिफोन सम्पर्कबाट टिपोट गर्ने, एसएमएसबाट आदानप्रदान, इमेल, फेसबुकबाट संकलन, कतिपय जिल्लाका प्रतिवेदन संगठनका जिल्ला शाखाले संकलन गरेर विश्लेषण गरी इमेल मार्फत र कसैले सोझै केन्द्रीय कार्यालयमा पठाएको तथा केन्द्रले पनि छुट्टै सम्पर्क गरी सूचना संकलन गर्ने र विभिन्न माध्यमबाट रुजु गरिएको थियो ।

## २.२ तथ्यांकको प्रकृति

सङ्कलित तथ्यांकमा मात्रात्मक र गुणात्मक दुवै प्रकारका जानकारी समावेश थिए:

- मतदान केन्द्र खुल्ने/बन्द हुने समय सम्बन्धी तथ्यांक
- मतदाता उपस्थिति र मतदान दर
- उल्लङ्घन घटनाहरू र विवादहरूको अभिलेख
- अपाङ्गमैत्री पूर्वाधारको उपलब्धता
- महिला तथा सीमान्तकृत समुदायको सहभागिता दर
- सुरक्षाकर्मी व्यवहार र तैनाथीको अवस्था
- आचारसंहिता उल्लङ्घनका घटनाहरू

## २.३ प्रशोधन र विश्लेषण विधि

सङ्कलित तथ्यांकलाई केन्द्रीय कार्यालयमा एकत्रित गरी निम्न विधिबाट विश्लेषण गरियो:

- प्रदेश र जिल्लागत तुलनात्मक विश्लेषण
- अन्तर्राष्ट्रिय निर्वाचन मापदण्डसँग तुलना
- विगतका निर्वाचनहरूसँग प्रवृत्ति विश्लेषण
- सरोकारवालाहरू सँग परामर्श र क्रस-भेरिफिकेसन (cross-verification)

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON Central Office, Kathmandu केन्द्रीय कार्यालय, काठमाडौं

# ३. पर्यवेक्षण गरिएको क्षेत्र

नेपाल मानव अधिकार संगठन (HURON) निर्वाचन पर्यवेक्षण टोलीले नेपालका सातै प्रदेशहरूमा पर्यवेक्षकहरू खटाएको थियो। संगठनका तर्फबाट कुल ३१२ मतदान केन्द्रहरूमा अवलोकन गरियो जसमध्ये ५८.९७% शहरी र बाँकी ग्रामीण क्षेत्रमा थिए। अवलोकन गारिएका मतदान केन्द्रहरु मध्ये ७३.७२% केन्द्र विद्यालयहरूमा थिए।[२]

| प्रदेश | पर्यवेक्षण गरिएका जिल्लाहरू | मुख्य अवलोकन |
|---|---|---|
| कोशी प्रदेश | ताप्लेजुङ, पाँचथर, इलाम, भोजपुर, झापा, तेह्रथुम, धनकुटा, सुनसरी, मोरङ, संखुवासभा, सोलुखुम्बु, उदयपुर, ओखलढुङ्गा, खोटाङ | शान्तिपूर्ण; धनकुटामा प्रोक्सी मतदान विवाद |
| मधेश प्रदेश | सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा | सर्लाहीमा झडप, रौतहटमा प्रोक्सी मतदान विवाद |
| बागमती प्रदेश | सिन्धुली, मकवानपुर, चितवन, दोलखा, रामेछाप, काभ्रे, धादिङ, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा | दोलखामा केहि मतदान केन्द्रमा विवाद र केहिमा मतदान बहिष्कार; ललितपुरमा ज्येष्ठ नागरिक अमैत्री |
| गण्डकी प्रदेश | तनहुँ, लम्जुङ, गोर्खा, कास्की, स्याङजा, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ | कास्कीमा प्रहरीलाई पर्यवेक्षकबारे जानकारी नभएको |
| लुम्बिनी प्रदेश | नवलपरासी, गुल्मी, पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, रोल्पा | कालिकोटमा तनावपूर्ण; केही ठाउँमा प्रोक्सी मतदान |
| कर्णाली प्रदेश | रुकुम पश्चिम, सल्यान, जाजरकोट, दैलेख, सुर्खेत, डोल्पा, हुम्ला, जुम्ला | सल्यानमा अति उत्साहित; जाजरकोटमा कम उत्साह |
| सुदूरपश्चिम प्रदेश | दार्चुला, बझाङ, बाजुरा, डडेलधुरा, डोटी, कैलाली, कञ्चनपुर, अछाम | कैलालीमा प्रहरी विवाद; सामान्य शान्तिपूर्ण |

[२] https://anfrel.org/nepals-२०२६-house-of-representatives-elections-conducted-peacefully-and-orderly-due-to-visible-security-deployment-accessibility-and-observer-access-concerns-identified/?

उल्लेखनीयः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, धनकुटा, सुनसरी, मोरङ, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, काठमाडौं, ललितपुर, भक्तपुर, लम्जुङ, गोर्खा, कास्की, नवलपरासी, गुल्मी, रुपन्देही, दाङ, दार्चुला, कैलाली, कञ्चनपुर सहित देशभरका ७० भन्दा बढी जिल्लाहरूमा पर्यवेक्षकहरू सक्रिय रहे।

## ४. पर्यवेक्षणका विषय क्षेत्र

### ४.१ निर्वाचन कानून र निर्वाचन प्रणाली

#### ४.१.१ तथ्यांक

नेपालमा निर्वाचनलाई नियन्त्रण गर्ने कानुनी ढाँचामा नेपालको संविधान (२०७२), निर्वाचन आयोग ऐन, राजनीतिक दल ऐन, प्रतिनिधि सभा निर्वाचन ऐन र निर्वाचन आचारसंहिता (२०८२ माघ ०५ देखि लागू) समावेश छन। नेपालले FPTP र PR मिश्रित प्रणाली अपनाएको छ।

#### ४.१.२ सबल पक्ष

नवलपरासीका निर्वाचन पर्यवेक्षक धन शर्माका अनुसार यस निर्वाचनमा संवैधानिक रूपमा निर्वाचन आयोगलाई स्वतन्त्र र जिम्मेवार बनाइएको छ। मिश्रित FPTP/PR प्रणालीले समावेशी प्रतिनिधित्वका अवसर दिएको छ।

#### ४.१.३ समस्या

FPTP/PR मिश्रित प्रणालीको बुझाइमा मतदाताहरूमा कमी देखियो। कालिकोटका निर्वाचन पर्यवेक्षक नवराज योगीका अनुसार उल्लेखनीय प्रोक्सी मतदान र व्यवस्थापनमा कमजोरी देखियो।

#### ४.१.४ सुधार गर्नु पर्ने पक्ष

डोल्पाका निर्वाचन पर्यवेक्षकको प्रतिवेदन अनुसार मतदाता शिक्षामा मिश्रित प्रणालीको विस्तृत जानकारी समावेश गर्नु पर्ने देखियो। अल्पसंख्यक स्थानिय भाषामा सामग्री उपलब्ध गराउदा मतदाता शिक्षामा थप सहजता हुन जाने देखियो।

#### ४.१.५ सुधारका उपाय तथा सुझाव

निर्वाचन ऐन र आचारसंहिताको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दा र प्रोक्सी मतदान विरुद्ध कडा कारवाही गर्न सके निर्वाचन प्रकिया थप प्रभावकारी हुन्छ।

## ४.२ मतदाता नामावली तथा परिचय-पत्र वितरण

### ४.२.१ तथ्यांक [३]

| विवरण | तथ्यांक |
|---|---|
| कुल मतदाता | १ करोड ८९ लाख ३ हजार ६८९ |
| पहिलो पटक मतदाता | ९ लाख १५ हजार ११९ |
| मतदान केन्द्र | २३ हजार १२२ |
| निर्वाचन कर्मचारी | २ लाख २१ हजार+ |
| मतपत्र छापिएको संख्या | २० लाख ३२ हजार ३०० भन्दा बढी |
| सुरक्षा बल | ३ लाख ४० हजार |

### ४.२.२ सबल पक्ष

निर्वाचन आयोगले मतदाता नामावली समयमै तयार पार्यो। पहिलो पटक मतदान गर्ने मतदाताको संख्या ९ लाख १५ हजार ११९ रहनु आफैमा उत्साहको सुचक हो।

### ४.२.३ समस्या

जुम्लाका जनकराज कार्कीका अनुसार जुम्ला जिल्लामा परिचय-पत्र वितरणमा केही ठाउँमा कमी देखियो। दुई ठाउँमा स्वस्तिक राखिएको (दुवै ठाउँमा मतदान) अनियमितता रिपोर्ट भयो।

### ४.२.४ सुधार गर्नु पर्ने पक्ष

त्यस्तै कालिकोट र बाजुरा जिल्लाका पर्यवेक्षक क्रमशः नवराज रेग्मी र दिनेश राज जैसीका अनुसार परिचय-पत्र वितरण प्रक्रियालाई अझ व्यवस्थित र समयमै गर्ने र डिजिटल मतदाता परिचय-पत्र प्रणाली विकास गर्दा निर्वाचन थप प्रभावकारी हुन्छ।

### ४.२.५ सुधारका उपाय तथा सुझाव

मतदाता पहिचान प्रक्रिया बलियो बनाउने र मतदाता परिचय-पत्र बिना मतदान गर्न नपाइने व्यवस्था कडाइका साथ लागू गर्नु पर्छ।

[३] ANFEREL interim report on international election observation mission 2026 Nepali House of Representatives Election

## ४.३ मतदाता शिक्षा

### ४.३.१ तथ्यांक

बाँकेका निर्वाचन पर्यवेक्षक प्रह्लाद बहादुर कार्कीका अनुसार मतदाता शिक्षाको अवस्था अघिल्लो निर्वाचन भन्दा कम भएको देखिन्थ्यो। मिश्रित FPTP/PR प्रणाली बुझाइमा कमी, दुर्गम क्षेत्रमा जानकारी पहुँचमा कमी र नागरिक समाज संस्था (CSO) को संलग्नता न्यून देखियो।

### ४.३.२ सबल पक्ष

काठमाण्डौंका निर्वाचन पर्यवेक्षक तथा यस संगठनका महासचिव कल्याण पोखरेलको प्रतिवेदन अनुसार डिजिटल माध्यमबाट युवा मतदातालाई प्रभावकारी सम्पर्क भयो। सामाजिक सञ्जालले निर्वाचन जागरुकतामा महत्त्वपूर्ण भूमिका खेल्यो।

### ४.३.३ समस्या

सोलुखुम्बका निर्वाचन पर्यवेक्षक रमेश कुमार बस्नेतको प्रतिवेदन अनुसार ग्रामीण/अशिक्षित वर्ग डिजिटल माध्यमबाट बहिष्कृत भएको देखियो। अल्पसंख्यक भाषीहरुको लागि मतदाता शिक्षा सामग्रीको अभाव रहेको देखियो। नागरिक समाजको संलग्नता न्यून भएको देखियो। थप समस्याका रूपमा, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही दुर्गम जिल्लाहरू (हुम्ला, जुम्ला, डोल्पा, दार्चुला, बाजुरा) मा अझै पनि धेरै मतदाताहरुले मतपत्रमा स्वस्तिक छाप प्रयोग नगरि औंठाछाप (फिंगरप्रिन्ट) लगाई मत हालेको भेटियो। मतदाता शिक्षाको कमीको कारणले धेरै मतहरु बदर हुने र निर्वाचनको मर्म नै पुरा नहुने देखियो। साथै यस क्षेत्रमा डिजिटल मतदाता परिचय-पत्रको पहुँच र वितरण अत्यन्त सीमित रहेको र निर्वाचन आयोगले जारी गरेको परिचय-पत्र यी क्षेत्रका धेरै मतदातासँग उपलब्ध नभएको गुनासो पाइयो।

### ४.३.४ सुधार गर्नु पर्ने पक्ष

शिक्षित भन्दा अशिक्षितलाई लक्षित गरी कार्यक्रम तय गर्ने, साथै दुर्गम र सीमान्तकृत क्षेत्रसम्म मतदाता शिक्षा विस्तार गर्नु पर्ने आवश्यकता देखियो।

### ४.३.५ सुधारका उपाय तथा सुझाव

धादिङका निर्वाचन पर्यवेक्षक कृष्ण राज अधिकारीको सुझाव अनुसार मतदाता शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी र व्यापक बनाउने, स्थानीय भाषामा सामग्री तयार पारी वितरण गर्ने, CSO(Civil Society Organization) को संलग्नता बढाउने, दुर्गम पहाडी र हिमाली क्षेत्रमा औंठा मार्फत मतदाता पहिचान गर्ने अभ्यासलाई चरणबद्ध रूपमा अन्त्य गर्दै डिजिटल मतदाता

परिचय-पत्र प्रणालीमा रूपान्तरण गर्ने, यसका लागि दुर्गम क्षेत्रका मतदातासम्म परिचय-पत्र वितरणलाई प्राथमिकता दिने र निर्वाचन कर्मचारीलाई डिजिटल पहिचान प्रणालीको प्रयोगबारे विशेष तालिम प्रदान गर्नु पर्ने आवश्यकता देखियो।

## ४.४ राजनीतिक दल तथा उम्मेदवारी दर्ता

### ४.४.१ तथ्यांक प्रस्तुती

FPTP मा महिला उम्मेदवार ३,४०६ मध्ये ३८८ (११%) मात्र थिए। सीमान्तकृत समुदायको उम्मेदवारी अपर्याप्त रह्यो। अभियान खर्च सीमा २.५– ३.३ करोड रूपैयाँ तोकिएको भए पनि वास्तविक खर्च बढी भएको पाइयो।

### ४.४.२ सबल पक्ष

राजनीतिक दलहरूको सक्रिय सहभागिता रह्यो। PR सूचीमा महिला प्रतिनिधित्व अपेक्षाकृत राम्रो रह्यो।

### ४.४.३ समस्या

भक्तपुरका निर्वाचन पर्यवेक्षक राम कृष्ण मान्नधरका अनुसार युवा उम्मेदवारलाई दलीय गेटकिपिङको समस्या, महिला र सीमान्तकृत उम्मेदवारलाई आर्थिक अवरोध, निर्वाचन खर्च प्रतिवेदन सार्वजनिक नगरिएको आदि समस्याहरु देखिएको पाईयो।

### ४.४.४ सुधार गर्नु पर्ने पक्ष

FPTP मा महिला उम्मेदवारी कम्तीमा ३३% पुर्याउने, मत किनबेच र क्लाइन्टेलिज्म (Clientelism) बन्द गर्ने, युवालाई दलीय गेटकिपिङबाट मुक्त गर्न आवश्यक छ।

### ४.४.५ सुधारका उपाय तथा सुझाव

निर्वाचन खर्चको पारदर्शिता सुनिश्चित गर्ने, आचारसंहिताको पूर्ण पालना गर्ने, महिला र सीमान्तकृत समुदायको बढी प्रतिनिधित्व प्रवर्द्धन गर्ने आदि सुधारको बाटोहरु अवलम्बन गर्न सकिन्छ।

## ४.५ निर्वाचन आचारसंहिताको पालना

२०८२ माघ ५ बाट लागू आचारसंहिताले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय निर्वाचन सुनिश्चित गर्ने उद्देश्य राखेको थियो। तर यसको कार्यान्वयन पक्ष भने कमजोर देखियो।

४.५.१ तथ्यांक [४]

| समिति | उजुरी संख्या | कारवाही |
|---|---|---|
| केन्द्रीय आचारसंहिता अनुगमन समिति | ४५४ | ९५ मा स्पष्टिकरण मागियो |
| जिल्ला आचारसंहिता अनुगमन समिति | १०७६ | १०६१ (९८.६%) समाधान भए |

४.५.२ सबल पक्ष

जिल्लास्तरमा १०७६ उजुरी मध्ये १०६१ (९८.६%) समाधान भए। स्थानीय उजुरी समाधान संयन्त्र अपेक्षाकृत प्रभावकारी रह्यो।[५]

४.५.३ समस्या

पाल्पाका निर्वाचन पर्यवेक्षक त्रिलोचन पौडेलले आफ्नो प्रतिवेदनमा लेखे अनुसार सरकारी स्रोत दुरुपयोग, मत किनबेच, बालबालिकालाई अभियानमा प्रयोग, घृणास्पद वाणी र नक्कली सामाजिक सञ्जाल प्रचार जस्ता उल्लङ्घनहरू देखिए। केन्द्रीय समिति ४५४ उजुरी मध्ये ९५ मा मात्र स्पष्टिकरण मागियो।

साथै सिन्धुपाल्चोकका निर्वाचन पर्यवेक्षकले आफ्नो प्रतिवेदनमा सामाजिक सञ्जालको दुरुपयोगसम्बन्धी थप विवरणः निर्वाचन अवधिमा Facebook, TikTok, YouTube र X (Twitter) जस्ता प्लेटफर्महरूमा निम्न प्रकारका दुरुपयोगका घटनाहरू अवलोकन गरियो — सिराहाका विमल कुमार ठाकुरको पर्यवेक्षण प्रतिवेदन अनुसार निर्वाचनमा(क) उम्मेदवारहरूविरुद्ध आधारहीन र भ्रामक सूचना फैलाउने नक्कली सामग्री (Disinformation) प्रसार; (ख) जातीय, धार्मिक र क्षेत्रीय आधारमा मतदातालाई विभाजित पार्ने घृणास्पद वाणी (Hate Speech); (ग) नक्कली सोशल मिडिया अकाउन्ट (Fake Accounts) मार्फत चुनावी जनमत प्रभावित पार्ने; (घ) व्यक्तिगत तस्विर तथा भिडियो सम्पादन गरी उम्मेदवारहरूको छवि बिगार्ने; (ङ) मतदाताहरूलाई आर्थिक प्रलोभन दिने सन्देश (Vote Buying) डिजिटल माध्यमबाट पठाउने। निर्वाचन आयोगसँग यस्ता डिजिटल उल्लङ्घनहरू नियमन गर्ने सक्षम कानुनी संयन्त्र र प्राविधिक क्षमताको अभाव देखियो। आचारसंहिताले अनलाइन अभियान नियमन गर्ने स्पष्ट प्रावधान नराखेको कारण कारवाही असम्भव जस्तो भयो भन्ने विषय समावेश गरेका छन।

[४] https://election.gov.np/

[५] https://anfrel.org/nepals-२०२६-house-of-representatives-elections-conducted-peacefully-and-orderly-due-to-visible-security-deployment-accessibility-and-observer-access-concerns-identified/?

#### ४.५.४ सुधार गर्नु पर्ने पक्ष

आचारसंहिता उल्लङ्घनकर्तालाई कठोर कारवाही गर्ने, अभियान नियमहरूको अनुगमन र कार्यान्वयनलाई बलियो बनाउने लगायतका कामहरु गर्न सके थप सुधे हुने देखिन्छ।

#### ४.५.५ सुधारका उपाय तथा सुझाव

काठमाण्डौका पर्यवेक्षक होम प्रसाद खड्कीका अनुसार आचारसंहिता र वित्त पारदर्शिता सुनिश्चित गर्ने, सरकारी स्रोत दुरुपयोग रोक्ने, मत किनबेचविरुद्ध जनचेतना अभिवृद्धि गर्ने, सामाजिक सञ्जालमार्फत हुने निर्वाचन-सम्बन्धी दुरुपयोग नियन्त्रण गर्न निर्वाचन आचारसंहितामा स्पष्ट डिजिटल अभियान नियमन प्रावधान थप्ने, Facebook, TikTok, YouTube लगायत प्लेटफर्म कम्पनीहरूसँग समन्वय गरी भ्रामक सामग्री र घृणास्पद वाणीको द्रुत गतिमा हटाउने संयन्त्र स्थापना गर्ने, निर्वाचन आयोगमा डिजिटल मिडिया अनुगमन एकाइ (Digital Media Monitoring Unit) गठन गर्ने र निर्वाचन अवधिमा सामाजिक सञ्जाल उल्लङ्घनहरू अभिलेख गरी कारवाही गर्ने लगायतका कामहरु गर्दा थप सुधार हुन सक्ने देखिन्छ।

### ४.६ निर्वाचन सुरक्षा व्यवस्था

#### ४.६.१ प्रस्तुती

निर्वाचनमा तीन तहको सुरक्षा व्यवस्था गरिएको थियोः जनपथ/निर्वाचन प्रहरी (मतदान केन्द्र भित्र), सशस्त्र प्रहरी (केन्द्रको बीचमा) र सेना (बाहिरी सुरक्षामा)। ३ लाख ४० हजार सुरक्षाकर्मी परिचालन भए।[६]

#### ४.६.२ सबल पक्ष

सुरक्षा व्यवस्था सामान्यतः शान्त र व्यावसायिक थियो। पर्याप्त सुरक्षाकर्मी परिचालनले निर्वाचन शान्तिपूर्ण गराउन सहयोग पुग्यो।

#### ४.६.३ समस्या

ललितपुर जिल्लाका निर्वाचन पर्यवेक्षक विप्लव भट्टको पर्यवेक्षणको रिपोर्ट अनुसार मतपेटिका नजिक हतियारधारीको उपस्थितिले मतदातामा भय सिर्जना हुन सक्छ। पर्यवेक्षकलाई ५ मिनेट मात्र समय दिने वा अन्तिम क्युमा राख्ने समस्या देखिएको छ। केही स्थानमा निर्वाचन प्रहरीलाई पर्यवेक्षकबारे पर्याप्त जानकारी नभएको पाइयो। कास्कीका निर्वाचन पर्यवेक्षक केशव

[६] https://www.ratopati.com/story/५४६६९६/more-than-३००००-security-personnel-mobilized-for-election-security

आचार्यले आफ्नो प्रतिवेदनमा प्रहरीले समानुपातिक मतदान गर्न नदिएको उल्लेख गरिएको छ।

### ४.६.४ सुधार गर्नु पर्ने पक्ष

कास्कीका निर्वाचन पर्यवेक्षक केशव आचार्य आफ्नो प्रतिवेदन दिएको सुझाव अनुसार सुरक्षाकर्मीलाई पर्यवेक्षक र तिनको भूमिकाबारे पूर्व जानकारी गराउनु आवश्यक छ। मतपेटिका क्षेत्रमा हतियारधारीको उपस्थिति सीमित गरिनु पर्छ।

### ४.६.५ सुधारका उपाय तथा सुझाव

सुरक्षाकर्मीको व्यावसायिक तालिम बढाइनु आवश्यक छ। पर्यवेक्षकको पहुँच सुनिश्चित गर्न स्पष्ट मापदण्ड तयार गरिनु पर्छ।

## ४.७ मतदान केन्द्रको व्यवस्थापन तथा पहुँच

### ४.७.१ प्रस्तुती

संगठनका तर्फबाट कुल ३१२ मतदान केन्द्रहरूमा अवलोकन गरियो जसमध्ये ५८.९७% शहरी र बाँकी ग्रामीण क्षेत्रमा थिए। अवलोकन गारिएका मतदान केन्द्रहरु मध्ये ७३.७२% केन्द्र विद्यालयहरूमा थिए।[७]

### ४.७.२ सबल पक्ष

चितवनका निर्वाचन पर्यवेक्षक हरि प्रसाद अधिकारी र निरञ्जन पाण्डेको प्रतिवेदन अनुसार मतदान गोपनीयता सामान्यतः कायम राखियो। प्राथमिक लेनको व्यवस्था धेरै केन्द्रमा रह्यो। ७२% मतदाताले ५ मिनेटभित्र मतदान गर्न सफल भए।

### ४.७.३ समस्या

४४% मतदान केन्द्रमा मतदान गर्न ढिलाई भयो। ललितपुरका पर्यवेक्षकको प्रतिवेदनको अनुसार ललितपुरमा ज्येष्ठ नागरिकमैत्री व्यवस्थापन भएन, भीड व्यवस्थापनमा समस्या देखियो। दुर्गम क्षेत्रमा बन्दोबस्तीका चुनौतीहरू रहे।

---

[७] https://election.gov.np/

मानव अधिकार HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON केन्द्रीय कार्यालय, काठमाडौं Central Office, Kathmandu

### ४.७.४ सुधार गर्नु पर्ने पक्ष

मतदान केन्द्र समयमै खोल्ने सुनिश्चित गर्ने। ज्येष्ठ नागरिक, अपाङ्ग र गर्भवती महिलाका लागि प्राथमिकता व्यवस्था गर्ने।

### ४.७.५ सुधारका उपाय तथा सुझाव

मतदान केन्द्रहरूमा पहुँचयोग्यता मापदण्डहरू सुधार गर्ने (र्याम्प, प्राथमिकता लेन)। निर्वाचन अधिकृतहरूको लागि तालिम कार्यक्रम बढाउने।

## ४.८ स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन

### ४.८.१ तथ्यांक प्रस्तुती

निर्वाचनमा स्वास्थ्य सुरक्षाका केही आधारभूत उपायहरू अपनाइए। मतदान केन्द्रहरूमा सरसफाइको व्यवस्था गरिएको थियो। पानी र आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धता भएको थियो।

### ४.८.२ सबल पक्ष

नवलपरासी, चितवन, कपिलवस्तु आदि जिल्ला निर्वाचन पर्यवेक्षक आधारभूत सरसफाइ र स्वच्छताको व्यवस्था गरिएको थियो। केही केन्द्रहरूमा पिउने पानीको व्यवस्था थियो।

### ४.८.३ समस्या

झापा जिल्लाका निर्वाचन पर्यवेक्षक डा. के पी सुबेदी र जय बहादुर श्रेष्ठको प्रतिवेदनमा उल्लेख भए बमोजिम सबै केन्द्रमा एकरूप स्वास्थ्य व्यवस्था थिएन। अपाङ्गता र वृद्धजनका लागि थप स्वास्थ्य सहायताको व्यवस्था पर्याप्त थिएन।

### ४.८.४ सुधार गर्नु पर्ने पक्ष

सबै मतदान केन्द्रमा न्यूनतम स्वास्थ्य सुविधाको मापदण्ड सुनिश्चित गर्ने। अपाङ्गता र वृद्धजनका लागि विशेष व्यवस्था गर्ने।

### ४.८.५ सुधारका उपाय तथा सुझाव

प्रत्येक मतदान केन्द्रमा प्राथमिक उपचार सेवाको व्यवस्था गर्ने। स्वास्थ्यकर्मीको उपस्थिति सुनिश्चित गर्ने।

## ४.९ निर्वाचनमा लैङ्गिक समावेशिता

### ४.९.१ तथ्यांक प्रस्तुती

| क्षेत्र | अवस्था |
|---|---|
| FPTP उम्मेदवारमा महिला | ३,४०६ मध्ये ३८८ (११%) |
| महिला मतदाता सहभागिता | उल्लेखनीय –सिरहा, रामेछाप, गोर्खा, मुस्ताङमा उच्च |
| महिला निर्वाचन कर्मचारी | केही केन्द्रमा उल्लेखनीय उपस्थिति |
| आर्थिक अवरोध | महिला/सीमान्तकृत उम्मेदवारलाई उच्च |
| PR सूचीमा महिला | अपेक्षाकृत राम्रो तर अपर्याप्त |

### ४.९.२ सबल पक्ष

रामेछाप, गोर्खा, मुस्ताङ, पाल्पा, रुकुम पश्चिम लगायत केन्द्रहरूमा महिला सहभागिता उल्लेखनीय रूपमा उच्च देखियो। युवा र महिला मतदाताको सक्रिय सहभागिता उत्साहजनक रह्यो।

### ४.९.३ समस्या

बर्दिया जिल्लाको निर्वाचन पर्यवेक्षक अजिता के.सीको अनुसार FPTP मा महिला उम्मेदवार मात्र ११% रहे। महिला र सीमान्तकृत उम्मेदवारलाई आर्थिक अवरोध छ। संरचनागत बाधाहरू विद्यमान छन।

### ४.९.४ सुधार गर्नु पर्ने पक्ष

गोर्खाका निर्वाचन पर्यवेक्षक दिल बहादुर बस्नेत को सुझाव अनुसार FPTP मा महिला उम्मेदवारी कम्तीमा ३३% पुर्याउन दललाई बाध्य गर्ने, महिला उम्मेदवारका लागि आर्थिक सहयोग व्यवस्था गर्नु पर्छ।

### ४.९.५ सुधारका उपाय तथा सुझाव

लैङ्गिक समावेशिताको संरचनागत बाधा हटाउने नीतिगत सुधार गर्ने, महिला नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने गर्नु पर्छ।

## ४.१० निर्वाचन विवाद निरुपणको अवस्था

### ४.१०.१ तथ्यांक प्रस्तुती

| क्षेत्र | अवलोकन |
|---|---|
| धनकुटा (कोशी) | न.पा. वडा नं ४ मा पर्यवेक्षकलाई मतदानस्थल पहुँचबाट रोकियो; प्रोक्सी मतदान |
| रौतहट (मधेश) | राजपुर न.पा. ९ मा प्रोक्सी मतदाता पक्राउ; निर्वाचन अधिकृतले फर्जी मत हाल्न सहयोग गरेको विवाद |
| सर्लाही (मधेश) | निर्वाचन क्षेत्र नं ४ मा २ ठाउँमा झडप |
| महोत्तरी (मधेश) | वर्दिवास न.पा. ५ मा झडप |
| दोलखा (बागमती) | तामाकोशी गा.पा. वडा नं ४ मा झडप; हवाईफायर; गौरीशङ्कर गा.पा. वडा नं ९ मा वहिष्कार |
| काठमाडौं (बागमती) | कर्मचारीले दलका लागि मत मागेको |
| कास्की (गण्डकी) | निर्वाचन प्रहरीलाई पर्यवेक्षकबारे जानकारी नभएको |
| कालिकोट (कर्णाली) | निर्वाचन सिद्धान्त विपरीत प्रोक्सीबाट मत; ठूलो संख्यामा भोट बढ्न सक्ने |
| कञ्चनपुर (सुदूरपश्चिम) | कैलाली क्षेत्र नं ५ मा प्रहरीलाई समानुपातिक मतदान गर्न नदिएको |

### ४.१०.२ सबल पक्ष

जिल्लास्तरमा उजुरी समाधान संयन्त्र अपेक्षाकृत प्रभावकारी रह्यो। १०७६ उजुरी मध्ये १०६१ समाधान भयो।[८]

### ४.१०.३ समस्या

धनकुटा, रौतहट, कालिकोट, सर्लाही, महोत्तरी, काभ्रे लगायत ठाउँमा घटनाहरू भए। धनकुटाका निर्वाचन पर्यवेक्षक खगेन्द्र कटुवालका अनुसार अवलोकनकर्ताको पहुँचमा अवरोध र स्थानीय अधिकारीको अवलोकन भूमिकाबारे अज्ञानता देखियो।

### ४.१०.४ सुधार गर्नु पर्ने पक्ष

---

८ ANFEREL interim report on international election observation mission 2026 Nepali House of Representatives Election

अछामका निर्वाचन पर्यवेक्षक प्रेम बहादुर थापाको प्रतिवेदन अनुसार अवलोकनकर्ताको पहुँचमा स्पष्ट मापदण्ड तयार गर्ने, विवाद निरुपण प्रक्रियालाई पारदर्शी र समयसामायिक बनाउने गर्नु पर्छ।

### ४.१०.५ सुधारका उपाय तथा सुझाव

प्रोक्सी मतदान विरुद्ध कठोर कारवाही गर्ने, निर्वाचन जवाफदेहिता सुनिश्चित गर्ने, निर्वाचन विवाद निरुपण संयन्त्रलाई थप बलियो बनाउने गर्नु पर्छ।

## ४.११ वहिष्कार भएका जिल्लाहरू

दार्चुला (Darchula)[९]

- नागु, नौगाड गाउँपालिका-१ (Nagu, Naugad Rural Municipality-१): गौरीशङ्कर माध्यमिक विद्यालयमा एकजना पनि मतदाता उपस्थित भएनन।
- झुक्सु, अपि हिमाल गाउँपालिका-३ (Jhuksu, Api Himal Rural Municipality-३): झुक्सु मतदान केन्द्रमा कुनै पनि मतदाताले भाग लिएनन्।
- कारणः स्थानीय बासिन्दाहरूले "झुटा वाचा" र दीर्घकालीन स्थानीय समस्याहरूमा कार्यवाही नभएको भन्दै वहिष्कार गरे।

दाङ (Dang)[१०]

- बबई गाउँपालिका-७ (Babai Rural Municipality-७): देउती माध्यमिक विद्यालय मलाई मतदान केन्द्रमा एकजना पनि मतदाता उपस्थित भएनन्।
- बबई गाउँपालिका-१ (Babai Rural Municipality-१): जनता माध्यमिक विद्यालय जिला मतदान केन्द्रमा पनि बासिन्दाहरूले वहिष्कार गरे।
- कारणः नजिकैको बाँके राष्ट्रिय निकुञ्जका जंगली जनावरबाट खतरामा परेका बस्तीहरू स्थानान्तरण गर्न सरकारले असफल भएको विरोधमा।

ओखलढुङ्गा (Okhaldhunga)[११]

- माने भञ्याङ गाउँपालिका-७ (Mane Bhanjyang Rural Municipality-७): सातसल्ले मतदान केन्द्रमा स्थानीयहरूले सामूहिक वहिष्कार गरे।

---

[९] https://english.nepalnews.com/s/politics/voting-boycott-halts-polling-in-darchula-and-okhaldhunga/?utm_source=chatgpt.com

[१०] https://inseconline.org/wp-content/uploads/२०२६/०३/Preliminary-Report.pdf?

[११] https://english.khabarhub.com/२०२६/०५/५३७७४२/?utm_source=chatgpt.com

- कारणः स्थानीय अस्पताल निर्माणको माग पूरा गर्न सरकार असफल भएकोमा निराशा।

दोलखा (Dolakha)[१२]

- गौरीशङ्कर गा.पा. वडा नं ९ मतदान केन्द्रहरूमा स्थानीय वहिष्कार रिपोर्ट गरियो, साथै सुरुमा मतगणना गर्न अवरोध भएपनि पछि सुचारु भयो।

## ख) पर्यवेक्षणका खण्डहरु

### मतदान अघि

निर्वाचनपूर्वको वातावरणमा राजनीतिक संक्रमण र ध्रुवीकरण थियो। २०८२ भदौ २३ र २४ को राजनीतिक उथलपुथलले निर्वाचनमा प्रभाव पार्यो। अभियान गतिविधिहरू सक्रिय भए — सार्वजनिक जुलुस, घर-घरमा सम्पर्क, मिडिया विज्ञापन र सामाजिक सञ्जाल अभियान सञ्चालन भए। निर्वाचन खर्च सीमा (२.५– ३.३ करोड रूपैयाँ) कायम रहे तापनि वास्तविक खर्च सीमाभन्दा बढी भएको र रिपोर्ट सार्वजनिक नगरिएको पाइयो। निर्वाचन खर्च प्रतिवेदनको पारदर्शिताको कमी देखियो। विदेशमा रहेका नागरिकले मतदान गर्न नपाउने समस्या रह्यो। सार्वजनिक यातायात अनुमति र विदेशी मतदानसम्बन्धी कानून आवश्यक देखियो। डिजिटल सञ्चार माध्यमले निर्वाचन जागरुकतामा महत्त्वपूर्ण भूमिका खेल्यो। मतदाता शिक्षाका कार्यक्रमहरू अघिल्लो निर्वाचनभन्दा कम दृश्यमान रहे।

### मतदानको दिन

निर्वाचन (२१ फागुन २०८२) मा ३१२ मतदान केन्द्रहरूमा अवलोकन गरियो। प्रमुख अवलोकनहरू:

- ५६% मतदान केन्द्रहरू तोकिएको समय (७:०० बजे) मा खुले
- ७२% मतदाताले ५ मिनेटभित्र मतदान गर्न सफल भए
- मतदान गोपनीयता सामान्यतः कायम रहे
- प्राथमिक लेनको व्यवस्था धेरै केन्द्रमा
- अधिकांश जिल्लाहरूमा शान्तिपूर्ण वातावरण
- निर्वाचन अधिकारीहरूले सामान्यतः व्यावसायिक व्यवहार देखाए

[१२] https://inseconline.org/wp-content/uploads/२०२६/०३/Preliminary-Report.pdf?

## निर्वाचनमा जे देखियो

पर्यवेक्षकहरूले देशका विभिन्न क्षेत्रमा निम्न विशेष घटनाहरू अवलोकन गरेः

| क्षेत्र/पर्यवेक्षक | अवलोकन |
|---|---|
| धनकुटा (कोशी) खगेन्द्र कटुवाल | न.पा. वडा नं ४ मा पर्यवेक्षकलाई मतदानस्थल पहुँचबाट रोकियो; निर्वाचन सिद्धान्त विपरीत प्रोक्सी मतदान |
| रौतहट (मधेश) सोने लाल पासवान | राजपुर न.पा. ९ मा प्रोक्सी मतदाता पक्राउ; निर्वाचन अधिकृतले फर्जी मत हाल्न सहयोग गरेको विवाद |
| सर्लाही (मधेश) रजनी कान्त झा | निर्वाचन क्षेत्र नं ४ मा २ ठाउँमा झडप |
| महोत्तरी (मधेश) कमला वाइवा | वर्दिवास न.पा. ५ मा झडप |
| ललितपुर (बागमती) विप्लव भट्ट | ज्येष्ठ नागरिकमैत्री व्यवस्थापन नभएको |
| दोलखा (बागमती) दीप शंकर चौलागाईं | तामाकोशी गा.पा. वडा नं ४ मा झडप; हवाईफायर; गौरीशङ्कर गा.पा. वडा नं ९ मा वहिष्कार |
| काठमाडौं (बागमती) होम प्रसाद खड्की | कर्मचारीले दलका लागि मत मागेको |
| कास्की (गण्डकी) केशव आचार्य | निर्वाचन प्रहरीलाई पर्यवेक्षकबारे जानकारी नभएको |
| कालिकोट (कर्णाली) नवराज योगी | निर्वाचन सिद्धान्त विपरीत प्रोक्सीबाट मत |
| कञ्चनपुर (सुदूरपश्चिम) सुरेन्द्र देउवा | कैलाली क्षेत्र नं ५ मा प्रहरीले समानुपातिक मतदान गर्न नदिएको |

## मतदान पछि

मतदान समाप्त भएपछि तोकिएका गणना केन्द्रहरूमा मतगणना भयो। प्रमुख अवलोकनहरूः

- मतगणना प्रक्रिया शान्त र व्यवस्थित
- सबै दलका प्रतिनिधिहरूको उपस्थितिमा पारदर्शी मतगणना
- गणना प्रक्रियाहरू सामान्यतः अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप
- समयमै नतिजाको घोषणाले निर्वाचन प्रक्रियामा जनताको विश्वास कायम
- कुल टर्नआउट अनुमानित ५८%

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON Central Office, Kathmandu केन्द्रीय कार्यालय, काठमाडौं

## पर्यवेक्षणका खण्डहरुको निष्कर्ष

समग्रमा, यो निर्वाचन शान्तिपूर्ण र व्यवस्थित थियो। राजनीतिक संक्रमणको अवधिमा भए पनि जनताले लोकतान्त्रिक प्रक्रियाप्रति बलियो संलग्नता देखाए। तर निर्वाचन जवाफदेहिता, आचारसंहिताको कमजोर कार्यान्वयन, अवलोकनकर्ताको पहुँचमा असंगति र समावेशी सहभागिताका संरचनागत अवरोधहरू प्रमुख चुनौतीका रूपमा रहे।

### ग) तथ्यांक, तथ्य र विश्लेषण[९]

| सूचक | तथ्यांक | विश्लेषण |
|---|---|---|
| कुल मतदाता | १,८९,०३,६८९ | पहिलो मतदाताः ९,१५,११९ —युवा संलग्नता उत्साहजनक |
| मतदान केन्द्र | २३,१२२ | ७३.७२% विद्यालयमा; भू-बनोट अपाङ्गमैत्री होइन् |
| अवलोकित केन्द्र | ३१२ | ५८.९७% शहरी; सन्तुलित नमुना |
| समयमै खुलेका केन्द्र | ५६% | ४४% केन्द्रमा ढिलाई —सुधार आवश्यक |
| मतदान दर (टर्नआउट) | ~५८% | सन्तोषजनक; राजनीतिक अनिश्चयमा पनि मतदाता सक्रिय |
| ५ मिनेटभित्र मतदान | ७२% | कुशल व्यवस्थापनको सङ्केत |
| केन्द्रीय उजुरी | ४५४ | ९५ मा स्पष्टिकरण —सक्रिय उजुरी संयन्त्र |
| जिल्ला उजुरी | १०७६ | १०६१ (९८.६%) समाधान —प्रभावकारी स्थानीय निरूपण |
| महिला FPTP उम्मेदवार | ११% (३८८/३४०६) | अपर्याप्त; संरचनागत बाधा र आर्थिक कारण |
| आचारसंहिता उल्लङ्घन | बहु क्षेत्रमा | मत किनबेच, घृणावाद, सरकारी स्रोत दुरुपयोग |
| प्रोक्सी मतदान | धनकुटा, रौतहट, कालिकोट | निर्वाचन सिद्धान्त विरुद्ध; कारवाही आवश्यक |

विश्लेषणात्मक टिप्पणीः नेपालको निर्वाचन आयोग अपूर्ण सदस्यतासहित १५० दिनको छोटो समयसीमामा काम गर्यो तर प्राविधिक तयारीमा उल्लेखनीय रुपमा कमी रह्यो। सरोकारवालाहरूमा आयोगको

[९] ANFEREL interim report on international election observation mission 2026 Nepali House of Representatives Election

तटस्थताप्रति उच्च विश्वास छ। तर दुर्गम क्षेत्रमा मतदाता शिक्षा र जानकारी पहुँचमा सुधार आवश्यक छ।[१०]

## ५. पर्यवेक्षण गर्न खटाइएका पर्यवेक्षकहरूको खण्डीकृत विवरण

नेपाल मानव अधिकार संगठन (HURON) निर्वाचन पर्यवेक्षण मिसनले समावेशी र प्रतिनिधिमूलक पर्यवेक्षक टोली गठन गरेको थियो। पर्यवेक्षकहरूलाई लिङ्ग, जातीयता, भौगोलिक क्षेत्र र उमेर समूहको आधारमा छनोट गरियो।

| विवरण | संख्या |
|---|---|
| महिला पर्यवेक्षक | ८७ |
| दलित पर्यवेक्षक | ५० |
| जनजाति/आदिवासी पर्यवेक्षक | ८६ |
| मधेसी/थरुहट पर्यवेक्षक | ४५ |
| युवा पर्यवेक्षक (१८– ३५ वर्ष) | १२२ |
| अन्तर्राष्ट्रिय पर्यवेक्षक | ० |
| स्वदेशी पर्यवेक्षक संस्था | ३९० |

पर्यवेक्षकहरूलाई निर्वाचनपूर्व तालिम र मानकीकृत रिपोर्टिङ फारम उपलब्ध गराइयो। उनीहरूले अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्तहरूको पालना गरे।

## ६. आयोगलाई सिफारिस गर्नु पर्ने विषय

निर्वाचन आयोगलाई

- अभियान नियमहरूको अनुगमन र कार्यान्वयनलाई बलियो बनाउने
- मतदान केन्द्रहरूमा पहुँचयोग्यता मापदण्डहरू सुधार गर्ने (र्याम्प, प्राथमिकता लेन)

[१०] ANFEREL interim report on international election observation mission 2026 Nepali House of Representatives Election

- निर्वाचन अधिकृतहरूको लागि तालिम कार्यक्रम बढाउने
- प्रोक्सी मतदान विरुद्ध कठोर कारवाही गर्ने
- मतदाता शिक्षालाई दुर्गम र सीमान्तकृत क्षेत्रसम्म विस्तार गर्ने
- अवलोकनकर्ताको पहुँचमा स्पष्ट मापदण्ड तयार गर्ने
- सार्वजनिक यातायात अनुमति र विदेशी मतदानसम्बन्धी कानून बनाउने
- आचारसंहिता र वित्त पारदर्शिता सुनिश्चित गर्ने

राजनीतिक दलहरूलाई

- महिला र सीमान्तकृत समुदायको बढी प्रतिनिधित्व प्रवर्द्धन गर्ने
- FPTP मा महिला उम्मेदवारी कम्तीमा ३३% पुऱ्याउने
- निर्वाचन आचारसंहिताको पूर्ण पालना सुनिश्चित गर्ने
- मत किनबेच र क्लाइन्टेलिज्म बन्द गर्ने
- युवालाई दलीय गेटकिपिङबाट मुक्त गर्ने

सरकारी अधिकारीहरूलाई

- निर्वाचन अवधिभर तटस्थता कायम राख्ने
- सरकारी स्रोत दुरुपयोग रोक्ने
- लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने सुधारहरूलाई समर्थन गर्ने

नागरिक समाज संस्थाहरूलाई

- मतदाता शिक्षा पहलहरू जारी राख्ने
- समावेशी राजनीतिक सहभागिता प्रवर्द्धन गर्ने
- स्वतन्त्र निर्वाचन अवलोकनको क्षमता अभिवृद्धि गर्ने

# ७. सिकाइ र चुनौती

प्रमुख सिकाइहरू

- राजनीतिक अस्थिरताको बाबजुद नेपाली मतदाताको लोकतान्त्रिक प्रक्रियाप्रतिको उच्च प्रतिबद्धता प्रमाणित
- निर्वाचन आयोगको तटस्थतामा जनताको विश्वासको महत्त्व
- युवा र महिला मतदाताको सक्रिय सहभागिता उत्साहजनक
- स्थानीयस्तरमा उजुरी समाधान संयन्त्र अपेक्षाकृत प्रभावकारी

- डिजिटल सञ्चार माध्यमले निर्वाचन जागरुकतामा महत्त्वपूर्ण भूमिका

प्रमुख चुनौतीहरू

- दुर्गम भू-भागमा निर्वाचन व्यवस्थापन र सामग्री वितरण
- अपाङ्गमैत्री पूर्वाधारको अभाव
- आचारसंहिताको कमजोर कार्यान्वयन र मत किनबेचको समस्या
- महिला र सीमान्तकृत समुदायको उम्मेदवारी र प्रतिनिधित्वमा संरचनागत बाधा
- मतदाता शिक्षाको अपर्याप्तता विशेषतः दुर्गम र अशिक्षित वर्गमा
- विदेशमा रहेका नागरिकले मतदान गर्न नपाउने समस्या
- अवलोकनकर्ताको पहुँचमा अवरोध र स्थानीय अधिकारीको अवलोकन भूमिकाबारे अज्ञानता
- निर्वाचन खर्च प्रतिवेदनको पारदर्शिताको कमी

## ८. निष्कर्ष

राष्ट्रपतिबाट २०८२ फागुन २१ गते घोषित प्रतिनिधिसभाको आम निर्वाचन २०८२ भदौ २३ र २४ गतेको राजनीतिक उथलपुथलपछिको संक्रमणकालीन परिस्थितिमा सम्पन्न भयो। संसद विघटन र अन्तरिम व्यवस्थाको बीचमा आयोजित यो निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (FPTP) प्रणालीबाट १६५ र समानुपातिक (PR) प्रणालीबाट ११० गरी जम्मा २७५ सदस्यको चुनाव भयो। राजनीतिक अनिश्चयको यस्तो माहोलमा पनि अनुमानित ५८% मतदाता सहभागितासहित निर्वाचन शान्तिपूर्ण र व्यवस्थित ढंगले सम्पन्न हुनु सन्तोषजनक रह्यो।

नेपाल मानव अधिकार संगठन (HURON) को निर्वाचन पर्यवेक्षण टोलीले सातै प्रदेशका ७० भन्दा बढी जिल्लामा ३१२ मतदान केन्द्रहरूमा अवलोकन गर्‍यो। अवलोकनका क्रममा ७२ प्रतिशत मतदाताले पाँच मिनेटभित्र मतदान सम्पन्न गरेको, मतगणना सबै दलको उपस्थितिमा पारदर्शी रूपमा भएको र निर्वाचन कर्मचारीहरूले सामान्यतः व्यावसायिक आचरण देखाएको पाइयो। ९ लाख १५ हजारभन्दा बढी पहिलो पटक मतदाताको सहभागिता र युवा तथा महिला मतदाताको उल्लेखनीय उपस्थिति यस निर्वाचनका उत्साहजनक पक्षहरू हुन्।

यद्यपि, पर्यवेक्षणका क्रममा केही गम्भीर कमजोरी र चुनौतीहरू पनि उजागर भए। निर्वाचन आचारसंहिताको कार्यान्वयन कमजोर रह्यो –सरकारी स्रोतको दुरुपयोग, मत किनबेच र प्रोक्सी मतदानका घटनाहरू धनकुटा, रौतहट र कालिकोटलगायत जिल्लाहरूमा अभिलेख गरिए। सामाजिक सञ्जालको

दुरुपयोग पनि उल्लेखनीय रूपमा देखियो जहाँ Facebook, TikTok र YouTube जस्ता माध्यमहरूमा भ्रामक सूचना, घृणास्पद सामग्री र डिजिटल माध्यमबाट मत प्रभावित पार्ने प्रयास भएको पाइयो। निर्वाचन आयोगसँग यस्ता अनलाइन उल्लङ्घनहरू नियमन गर्ने स्पष्ट कानुनी आधार र प्राविधिक क्षमता दुवैको अभाव रहेको देखियो। त्यसैगरी, कर्णाली र सुदूरपश्चिमका हुम्ला, जुम्ला, डोल्पा, दार्चुला र बाजुरालगायत दुर्गम जिल्लाहरूमा डिजिटल मतदाता परिचय-पत्रको पहुँच नपुगेका कारण अझै पनि परम्परागत औंठा मार्फत मतदाता पहिचान हुने गरेको देखियो, जसले पारदर्शिताको कमी र प्रोक्सी मतदानको जोखिम बढाउँछ। दार्चुला, दाङ, ओखलढुङ्गा र दोलखाका केही मतदान केन्द्रहरूमा स्थानीयहरूले मतदान वहिष्कार गरे। स्थानीय पूर्वाधार निर्माण, अस्पताल स्थापना र वन्यजन्तुबाट प्रभावित बस्तीको स्थानान्तरणजस्ता वर्षौंदेखिका मागहरू पूरा नभएको असन्तुष्टि यस वहिष्कारको मूल कारण रह्यो। यो स्थिति सरकार र राजनीतिक दलहरूले स्थानीय सरोकारहरूप्रति देखाएको उदासीनताको परिणाम हो। यसका अतिरिक्त FPTP मा महिला उम्मेदवार जम्मा ११ प्रतिशत मात्र रहनु, अपाङ्गमैत्री पूर्वाधारको अभाव र पर्यवेक्षकहरूको मतदान केन्द्रमा पहुँचमा देखिएको असमानता पनि सुधारयोग्य पक्षका रूपमा रहेको छ।

नेपाल मानव अधिकार संगठन (HURON) ले नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरू र नागरिक समाजलाई यी चुनौतीहरू सम्बोधन गर्दै भावी निर्वाचनहरूलाई थप स्वच्छ, निष्पक्ष र समावेशी बनाउन एकजुट प्रयास गर्न आग्रह गर्दछ। निर्वाचन आचारसंहितामा डिजिटल अभियान नियमनसम्बन्धी स्पष्ट प्रावधान थप्नु, सामाजिक सञ्जाल अनुगमन एकाइ स्थापना गर्नु, दुर्गम क्षेत्रमा डिजिटल मतदाता परिचय-पत्र वितरणलाई प्राथमिकता दिँदै औंठा पहिचान प्रणालीको विकल्प खोज्नु, वहिष्कार प्रभावित समुदायहरूका पुराना मागहरूलाई गम्भीरतापूर्वक सम्बोधन गर्नु र महिला उम्मेदवारीका संरचनागत बाधाहरू हटाउनु आजको आवश्यकता हो। यी सुधारहरू केवल प्राविधिक वा प्रशासनिक मात्र नभई लोकतन्त्रको विश्वसनीयता कायम राख्नका लागि अपरिहार्य छन्। नेपाल मानव अधिकार संगठन आगामी दिनहरूमा पनि निर्वाचन प्रक्रियाको स्वतन्त्र पर्यवेक्षण र नागरिक जागरुकतामा आफ्नो भूमिका निरन्तर निर्वाह गर्दै जाने छ।

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON Central Office, Kathmandu केन्द्रीय कार्यालय, काठमाडौं

# अनुसूचि

## अनुसूचि-१: तथ्यांक, तथ्य र विश्लेषण

| सूचक | तथ्यांक | विश्लेषण |
|---|---|---|
| कुल मतदाता | १,८९,०३,६८९ | पहिलो मतदाताः ९,१५,११९ –युवा संलग्नता उत्साहजनक |
| अवलोकित केन्द्र | ३१२ | ५८.९७% शहरी; सन्तुलित नमुना |
| समयमै खुलेका केन्द्र | ५६% | ४४% केन्द्रमा ढिलाई –सुधार आवश्यक |
| मतदान दर (टर्नआउट) | ~५८% | राजनीतिक अनिश्चयमा पनि मतदाता सक्रिय |
| ५ मिनेटभित्र मतदान | ७२% | कुशल व्यवस्थापनको सङ्केत |
| केन्द्रीय उजुरी | ४५४ | ९५ मा स्पष्टिकरण –सक्रिय उजुरी संयन्त्र |
| जिल्ला उजुरी | १०७६ | १०६१ (९८.६%) समाधान –प्रभावकारी निरूपण |
| महिला FPTP उम्मेदवार | ११% (३८८/३४०६) | संरचनागत बाधा र आर्थिक कारण |
| प्रोक्सी मतदान विवाद | ३+ जिल्ला | धनकुटा, रौतहट, कालिकोट –कारवाही आवश्यक |

## अनुसूचि-२: प्रदेशगत पर्यवेक्षण क्षेत्रको विस्तृत विवरण

| प्रदेश | पर्यवेक्षण गरिएका जिल्ला |
|---|---|
| कोशी प्रदेश | ताप्लेजुङ, पाँचथर, इलाम, भोजपुर, झापा, तेह्रथुम, धनकुटा, सुनसरी, मोरङ, संखुवासभा, सोलुखुम्बु, उदयपुर, ओखलढुङ्गा, खोटाङ |
| मधेश प्रदेश | सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा |
| बागमती प्रदेश | सिन्धुली, मकवानपुर, चितवन, दोलखा, रामेछाप, काभ्रे, धादिङ, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा |
| गण्डकी प्रदेश | तनहुँ, लम्जुङ, गोर्खा, कास्की, स्याङजा, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ |
| लुम्बिनी प्रदेश | नवलपरासी, गुल्मी, पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, रोल्पा |
| कर्णाली प्रदेश | रुकुम पश्चिम, सल्यान, जाजरकोट, दैलेख, सुर्खेत, डोल्पा, हुम्ला, जुम्ला |
| सुदूरपश्चिम प्रदेश | दार्चुला, बझाङ, बाजुरा, डडेलधुरा, डोटी, कैलाली, कञ्चनपुर, अछाम |

—प्रतिवेदन समाप्त —

नेपाल मानव अधिकार संगठन (HURON)

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं, नेपाल